माननीय मन्त्रीस्तरीय मिति२०८२/०९/१७गतेको निर्णयबाट स्वीकृत

# कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

**प्रस्तावना:** कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण तथा कृषि व्यवसाय प्रवर्द्धन मार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरि कर्णाली प्रदेशका आम बासिन्दाको जीवनयापन सहज बनाउन कर्णाली प्रदेश सरकारबाट संचालन गरिने कृषि सम्बन्धी कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

कर्णाली कृषि व्यवसाय प्रवर्दन ऐन, २०७९ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम" कृषि सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले प्रदेश सरकारका विभिन्न निकायबाट कृषि बाली, वस्तु तथा पशुपन्छी र मत्स्यजन्य वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण तथा गुणस्तर नियन्त्रणका लागि कृषक, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी तथा कृषि उद्यमी (फर्म वा कम्पनी) लाई उपलब्ध गराउने नगद वा जिन्सी सहयोग सम्झनु पर्छ र सो शब्दले कृषि ऋणको ब्याजमा दिइने नगद अनुदानलाई समेत जनाउँछ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि कार्य गर्ने व्यावसायिक कृषि फर्म र कम्पनी, कृषि सम्बन्धी सहकारी संस्था, कृषिसँग सम्बन्धित समिति, बोर्ड, ऋणी कृषक र कृषि व्यवसायी सम्झनु पर्छ र सो शब्दले कृषि विषय अध्यापन गराउने शिक्षण संस्थालाई समेत जनाँउछ।

(ग) "ऐन" भन्नाले कर्णाली कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९ लाई सम्झनु पर्छ।

(घ) "कलष्टर" भन्नाले एउटै प्रकृतिका कृषि उत्पादनहरू (बाली, पशुपालन, फलफूल, तरकारी आदि) उत्पादन गर्ने भौगोलिक रूपमा नजिक रहेका (बढीमा पाँच किलोमिटर भित्र) क्षेत्रहरू वा कृषक समूहहरूको समुहलाई जनाउँछ, जसले आपसी सहकार्य, साझा स्रोतको उपयोग, र सामूहिक उत्पादन तथा बजार व्यवस्थापनमा आधारित हुन्छ।

(ङ) "कार्यक्रम" भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालय वा अन्तर्गतका निकायबाट संचालन हुने कृषि सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(च) "कार्यक्रम संचालन समिति" भन्नाले दफा ४ को उपदफा (१) बमोजिमको कार्यक्रम संचालन समिति सम्झनु पर्छ।

(छ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ।

(ज) "कुल लागत" भन्नाले कृषि उत्पादन सामग्रीहरु, मेसिनरी खरिद लागत र श्रमिक ज्याला समेत जोडेर आएको लागत अनुमान सम्झनुपर्छ ।

(झ) "कृषि" भन्नाले बाली, बागवानी, पशुपन्छी, मत्स्य लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बन्धित उत्पादन, उद्योग तथा व्यवसाय सम्झनु पर्छ।

(ञ) "कृषि उत्पादन सामग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बीउ, बेर्ना, नस्ल, मत्स्य बीज, सिमेन, भ्रुण, खोप, पशु आहार तथा दानाजन्य पदार्थ, औषधि तथा विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, सेनिटाईजर, डिसइन्फेक्टेन्ट, तरल नाइट्रोजन, पोषक तथा सूक्ष्म तत्व, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा सहयोग गर्ने वस्तु सम्झनु पर्छ।

(ट) "कृषि तथा पशुपन्छी स्रोतकेन्द्र" भन्नाले निश्चित भूगोलमा आधारित भई कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रहरूमा आवश्यक पर्ने गुणस्तरीय बीउबिजन, बिरुवा, पशुपन्छीको गुणस्तरीय नश्ल, घाँसको प्रजाति, तालिम तथा प्राविधिक सेवा उपलब्ध गराउने कृषक, फर्म,समूह तथा सहकारीलाई सम्झनुपर्छ।

(ठ) "कृषि पूर्वाधार" भन्नाले कृषि उत्पादन, संकलन, प्रशोधन, भण्डारण, ढुवानी र बजार व्यवस्थापनका लागि आवश्यक सिंचाई, भौतिक संरचना, उपकरण लगायतका पूर्वाधारहरू सम्झनुपर्छ।

(ड) "निर्देशनालय" भन्नाले कृषिसँग सम्बन्धित कार्यक्रमको हकमा कृषि विकास निर्देशनालय र पशुपन्छीसँग सम्बन्धित कार्यक्रमको हकमा पशुपन्छी विकास निर्देशनालय सम्झनु पर्छ।

(ढ) "निर्देशक समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ण) "नियमावली" भन्नाले कर्णाली कृषि व्यवसाय प्रवर्द्धन नियमावली, २०८० सम्झनुपर्छ।

(त) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तीमा "ख" वर्गको बैंक सम्झनु पर्छ।

(थ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(द) "रैथानै बाली" भन्नाले स्थानीय भूगोल, मौसम, सांस्कृतिक अभ्यास र परम्परागत ज्ञान र सिपसँग जोडिएर पुस्तौंदेखि खेती गर्रिदै आएका कुनै निश्चित गुण भएका सोहि भूगोलमा खेति हुँदै आएका स्थानीय जातका बालीहरू जस्तैः चिनो, कोदो, कागुनो, फापर, लट्टे, फलफूल, तरकारी लगायत अन्य स्थानीय बालीको जातलाई सम्झनुपर्छ।

(ध) "रैथाने पशुपन्छी" भन्नाले स्थानीय भूगोल, मौसम, सांस्कृतिक अभ्यास र परम्परागत ज्ञान र सिपसँग जोडिएर पुस्तौंदेखि पालन हुदै आएका कुनै निश्चित गुण भएका लुलु र याक जातका गाई, लिमे र पारकोटे जातका भैंसी, भ्याङ्गलुङ, बरुवाल र कागे जातका भेडा, खरी, सिन्हाल र च्याङ्ग्रा जातका बाख्रा, हुर्रा र च्वाँचे जातका सुँगुर र साकिनी, घाँटी खूइले र प्वाँख उल्टे जातका कुखुराहरु लगायतका स्थानीय जातका पशुपन्छी सम्झनुपर्छ।

(न) "लक्षित वर्ग" भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा भएको जग्गा तथा अन्य सम्पत्तिबाट वर्षको बढीमा तीन महिनासम्म खान पुग्ने अवस्था भएका समुदाय, कृषि मजदुर, पिछडिएको वर्ग, दलित, जनजाति, मुक्त हलिया, महिला, एकल महिला, अपाङ्ग,

कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर,सुर्खेत, नेपाल

लोपोन्मुख (राजी, राउटे र बादी) जातजाति, शहिद परिवार र द्वन्द्व पीडित व्यक्ति सम्झनुपर्छ।

(प) "विशिष्ट जातको पशुपन्छी" भन्नाले आफ्नै छुट्टै उत्पादन क्षमता, व्यवहारिक गुण, र आनुवंशिक विशेषताका कारण अन्य जात वा प्रजातिबाट स्पष्ट रूपमा छुट्याउन सकिने नविनतम जातहरु जस्तै कालिज, बट्टाई, टर्की, कडकनाथ, अष्ट्रिच लगायतका अन्य पशुपन्छीलाई सम्झनुपर्छ।

(फ) "सहभागितामुलक गुणस्तर निर्धारण प्रणाली (पिजिएस)" भन्नाले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागितामा स्थानीय परिवेश अनुसार संचालन हुने अर्गानिक कृषि उत्पादनको गुणस्तर निर्धारण प्रणाली सम्झनुपर्छ।

## परिच्छेद-२

## कार्यक्रम संचालन तथा व्यवस्थापन

३. निर्देशक समिति (१) मन्त्रालयबाट वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन तथा मातहतका निकायलाई आवश्यक निर्देशन र सुझाव दिन मन्त्रालयमा देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | - संयोजक |
| (ख) प्रमुख, कृषि विकास महाशाखा, मन्त्रालय | - सदस्य |
| (ग) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा, मन्त्रालय | - सदस्य |
| (घ) प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | - सदस्य |
| (ङ) अधिकृत प्रतिनिधि, बजेट महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (च) अधिकृत प्रतिनिधि, प्रशासन महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (छ) लेखा अधिकृत, मन्त्रालय | - सदस्य |
| (ज) कानून अधिकृत, मन्त्रालय | - सदस्य |
| (झ) प्रमुख, योजना महाशाखा, मन्त्रालय | - सदस्य-सचिव |

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत कार्यक्रम संचालनका लागि मार्गदर्शन गर्ने,

(ख) कार्यक्रम संचालनमा कुनै समस्या आइपरेमा बाधा अड्काउ फुकाउनको लागि वा विवाद निरुपण गर्न आवश्यक निर्णय गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ग) आवश्यकतानुसार निवेदन साथ पेस गर्नु पर्ने आवश्यक कागजात परिमार्जन गर्नु पर्ने भएमा सुझाव दिने,

(घ) अनुसूची-१ बमोजिम मूल्याङ्कनका आधार आवश्यकता अनुसार विस्तृतीकरण गर्ने,

(ङ) मन्त्रालय र मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(च) कार्यक्रम सम्बन्धी मापदण्ड तथा आधारहरु तयार तथा समयसापेक्ष परिमार्जन गरि मन्त्रालय समक्ष सिफारिस गर्ने।

(३) निर्देशक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) निर्देशक समितिले बढीमा तीन जनासम्म सम्बन्धित विषयविज्ञ वा सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) निर्देशक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>कार्यक्रम संचालन समिति</u>ः (१) कार्यालयका कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक कार्यक्रम संचालन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, कार्यालय | - संयोजक |
| (ख) | कार्यालय प्रमुख वा प्रतिनिधि, जिल्ला समन्वय समिति | -सदस्य |
| (ग) | कार्यालय प्रमुख वा प्रतिनिधि, कार्यालय | -सदस्य |
| (घ) | प्रतिनिधि, प्रदेश लेखा इकाई | -सदस्य |
| (ङ) | प्रमुख, योजना शाखा, कार्यालय | -सदस्य-सचिव |

<u>स्पष्टीकरणः</u> खण्ड (ग) को प्रयोजनको लागि "कार्यालय" भन्नाले कृषिसँग सम्बन्धित कार्यक्रमको हकमा पशुपन्छी विकास निर्देशनालय वा पशु अस्पताल तथा पशु सेवा कार्यालय र पशुपन्छीसँग सम्बन्धित कार्यक्रमको हकमा कृषि विकास निर्देशनालय वा कृषि विकास कार्यालय सम्झनु पर्छ।

(२) कार्यक्रम संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत कार्यक्रम संचालनका लागि मार्गदर्शन गर्ने,

(ख) कार्यालयबाट संचालन हुने कार्यक्रम संचालन सम्बन्धी निर्णय गर्ने,

(ग) अनुसूची-१ बमोजिम मूल्याङ्कनका आधार बमोजिम मूल्याङ्कन गर्ने र कार्यालयबाट संचालन हुने कार्यक्रमको लागि लाभग्राही छनौट गर्ने,

(घ) कार्यालयबाट संचालन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने।

(३) कार्यक्रम संचालन समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) कार्यक्रम संचालन समितिले कार्यक्रमको जिम्मेवारी तोकिएको कर्मचारी सहित बढीमा तीन जनासम्म सम्बन्धित विषयविज्ञ वा सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) कार्यक्रम संचालन समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) मन्त्रालयले संचालन गर्ने कृषि सम्बन्धी कार्यक्रमको हकमा मन्त्रालयमा गठित मूल्याङ्कन समितिबाट निर्णय गराई कार्यक्रम संचालन गर्न सकिनेछ।

५. <u>अनुदान प्रवाह र अनुदान प्रतिशत</u>ः वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयनको लागि मन्त्रालय तथा मातहत निकायबाट स्वीकृत बजेटको परिधिभित्र रही यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद-३

## <u>कार्यक्रम संचालन प्रकृया सम्बन्धी व्यवस्था</u>

६. <u>सूचना प्रकाशन</u>ः (१) कार्यालयले कम्तीमा तीस दिनको समयसीमा दिई वार्षिक स्वीकृत अनुदान कार्यक्रमको लागि सूचिकृत हुन अनुसूची-२ बमोजिमको ढाँचामा स्थानीय पत्रिकामा सूचना प्रकाशन, स्थानीय एफएम बाट प्रसारण र त्यस्तो सूचना कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार कुनै पनि निवेदन प्राप्त नभएमा पहिलो पटकको सूचनाको म्याद समाप्त भएको मितिले पुनः सात दिनको समयावधी राखी दोस्रो पटक सूचना प्रकाशन गर्न सकिनेछ। सो अवधिमा पनि सुचिकृत निवेदन प्राप्त नभएमा बाली तथा पशुपन्छीको उपयुक्त सिजन अनुसार वर्षभरी सुचिकृत गर्न सक्नेछ।

(३) कार्यक्रम संचालन स्थल पहिचान भएका कार्यक्रमको लागि कार्यालयले स्थलगत अध्ययन गरि प्राविधिक प्रतिवेदन तयार गरि सम्भावना भएको कार्यक्रमको हकमा स्थानीय तहको सिफारिसमा सम्बन्धित स्थानको कृषक,समुह, सहकारी, समिति तथा निजी फर्मलाई दफा ८ बमोजिम छनौट गरि कार्यक्रम संचालन गर्न सक्नेछ।

७. <u>सूचिकृत निवेदन दर्ताः</u> (१) वार्षिक स्वीकृत कार्यक्रम संचालनको लागि दफा ६ बमोजिम सूचना प्रकाशन भएपछि अनुदानग्राहीले अनुसूची-३ बमोजिमको ढाँचामा कार्यक्रम माग निवेदन, प्रतिवद्धता पत्र तथा स्वघोषणा पत्र, नेपाली नागरिकता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि, जग्गा स्वामित्वको प्रमाणपत्रको प्रतिलिपि सहित कार्यालयमा कार्यक्रम माग निवेदन दर्ता गरि सुचिकृत हुनुपर्नेछ। कृषकको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, स्थानीय तहको सिफारिस, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपिको कागजात पेश गर्नुपर्नेछ, कार्यालयले आवश्यकतानुसार सम्बन्धित स्थानीय तहको कृषि वा पशुपन्छी शाखामा सूचिकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीले एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म अनुदान माग गरेका कार्यक्रमका लागि एक सय रुपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमका लागि पाँच सय रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजश्व खातामा बुझाएको बैंक भौचर वा नगद रसिद समेत पेस गर्नु पर्नेछ।

८. <u>लाभग्राहीको छनौटः</u> (१) दफा ७ बमोजिम प्राप्त निवेदनलाई कार्यालयले प्रारम्भिक जाँचबुझ गरि रित पुगेका निवेदकको सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीका आधारमा निवेदनमा प्रस्तावित व्यवसायको सम्बन्धमा कार्यक्रमको जिम्मेवारी तोकिएको शाखा वा कर्मचारीले स्थलगत अनुगमन गरि अनुसूची-१ बमोजिमका मूल्याङ्कनका आधारमा प्राविधिक प्रतिवेदन तयार गरि छनौट प्रक्रियाको लागि दफा ४ बमोजिमको समितिमा पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा प्राथमिकता निर्धारण गरि कार्यक्रम संचालन समितिबाट लाभग्राही वा अनुदानग्राही छनौट गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुदानग्राही छनौट गरिएको सूचना कार्यालयले सात दिनभित्र प्रकाशन गर्नु पर्नेछ।

९. <u>लागत अनुमान तयार गर्नेः</u> (१) दफा ८ को उपदफा (४) बमोजिम छनौट भएका योजनाको कार्यालयले आवश्यकतानुसार स्थलगत निरीक्षण गरि लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) सरकारी फर्म केन्द्रबाट उत्पादित कृषिजन्य वस्तुको बिक्री वितरण गर्दा जिल्ला दररेट, स्थानीय दररेट वा नेपाल सरकारले निर्धारण गरेको दररेट बमोजिम गर्न सकिनेछ।

(३) कार्यक्रमको लागत अनुमान तयार गर्दा जिल्ला दररेट वा स्थानीय तहले तोकेको दररेट वा प्रचलित कानुन बमोजिमको दररेटलाई आधार लिन सकिनेछ।

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ...नगर, सुर्खेत, नेपाल

१०. <u>सम्झौता गर्नु पर्ने</u>: (१) दफा ८ को उपदफा (३) बमोजिम छनौट भएका लाभग्राहीलाई आवश्यक कागजातसहित सम्झौता गर्न कार्यालयले न्यूनतम सात दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सम्झौता गर्न आएका लाभग्राहीसँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आर्थिक वर्षको जेठ मसान्तपछि कार्यक्रम संचालन तथा अनुदान लिने दिने गरि सम्झौता गरिने छैन।

११. <u>कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक</u>: (१) दफा १० को उपदफा (२) बमोजिम सम्झौता अनुरुप कार्यसम्पन्न भएपछि लाभग्राहीले कार्यालय समक्ष भुक्तानीका लागि निवेदन र सक्कल बिल, भरपाई, चालु आर्थिक वर्षको भुक्तानी मितिसम्मको बैंक स्टेटमेन्ट र बैंक चेक, कबुलियतीनामा, भुक्तानी सम्बन्धि स्वघोषणा लगायत आवश्यक कागजात र विवरण पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयका सम्बन्धित विषयका प्राविधिकले स्थलगत अनुगमन गरि अनुसूची-५ बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेस गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा कार्यालयले लाभग्राहीको बैंक खाता मार्फत वा लाभग्राहीको माग अनुसार सम्बन्धित आपूर्तिकर्ताको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

१२. <u>सार्वजनिक सुनुवाई :</u> लाभग्राहीले कार्यक्रम सम्पन्न भएपछि अनुदान रकम भुक्तानीका लागि कार्यालयमा निवेदन पेस गर्नु अघि कार्यस्थलमा समुदायको सार्वजनिक भेला गराई कार्यक्रमको प्रक्रिया, प्राप्त नतिजा र खर्च विवरण सम्बन्धमा सार्वजनिक सुनुवाई गराउनु पर्नेछ।

१३. <u>सार्वजनिक गर्नु पर्ने</u>: (१) अनुदान उपलब्ध गराउने कार्यालयले अनुदान सम्बन्धी विवरण अनुसूची-६ बमोजिमको ढाँचामा वेबसाइट तथा अनुदानग्राही सफ्टवेयरमा नियमित रूपमा अद्यावधिक गरि सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो अद्यावधिक विवरण मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

तर वेबसाइट नभएको कार्यालयको हकमा त्यस्तो अद्यावधिक विवरण कार्यालयको सूचनापाटी वा बुलेटिन मार्फत सार्वजनिक गर्नु पर्नेछ।

(२) कार्यालयले अनुदानको अभिलेख नियमित रुपमा राखी अद्यावधिक समेत गर्नु पर्नेछ।

## परिच्छेद-४

## <u>कार्यक्रम संचालनका मापदण्ड, प्राविधिक तथा आर्थिक पक्ष</u>

१४. <u>कृषि यान्त्रिकीकरण कार्यक्रम</u>: (१) कृषि यान्त्रिकीकरण मार्फत कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्न कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादनोपरान्त कार्यका लागि प्रयोग हुने मेशिनरी औजार, यन्त्र, उपकरणहरु लाभग्राहीलाई उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको अनुदान रकम सीमा प्रति मेसिनेरी खरिद मूल्यको पचास प्रतिशत र कम्तीमा तीन वा सो भन्दा बढी आपूर्तिकर्ताले पेश गरेको प्रतिस्पर्धात्मक दररेट बाट सबैभन्दा कम कबोल गरेको दररेटको पचास प्रतिशतसम्म हुनेछ।

(३) उपदफा (१) बमोजिमको कृषि यन्त्र उपकरण वितरणका लागि देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) दफा ६ बमोजिम सूचना प्रकाशन गरि लाभग्राहीबाट माग संकलन गर्ने,

(ख) खण्ड (क) बमोजिम प्राप्त माग निवेदनहरु कार्यालय वा कार्यालयले खटाएका प्राविधिक कर्मचारीले स्थलगत अनुगमन गरि अनुसूची-७ बमोजिमको मूल्याङ्कनको आधारमा प्रतिवेदन पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संचालन समितिले लाभग्राहीको प्राथमिकताक्रम अनुसार छनौट गर्नु पर्नेछ।

(ग) स्वीकृत बजेटको परिधिमा रही आवेदकले माग गरेका अनुदानमा उपलब्ध गराउने कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादनोपरान्त कार्यका लागि प्रयोग हुने मेशिनरी औजार, यन्त्र, उपकरणहरुको प्राविधिकले स्पेसिफिकेशन तयार गर्ने ,

(घ) प्राविधिकबाट स्पेसिफिकेशन तयार भएका कृषि मेसिनेरीहरुको न्यून दररेट तय गर्न र आपूर्तिकर्ता सुचिकृतको लागि अनुसूची-८ बमोजिमको सिलबन्दी दररेट सहित निवेदन र अनुसूची-९ बमोजिमको कागजात पेस गर्न पन्ध्र दिनको समयसिमा दिई स्थानिय पत्रिकामा सूचना प्रकाशन गर्ने र त्यस्तो सूचना कार्यालयको वेबसाइटमा समेत राख्ने।

(ङ) कम्तीमा तीन वा सो भन्दा बढी आपूर्तिकर्ताले कृषि उपकरणको आधार, गुणस्तर र स्पेसिफिकेसनसहित पेश गरेको प्रतिस्पर्धात्मक दररेट अनुसार प्रति ईकाइ मूल्य निर्धारण गर्न सबैभन्दा कम कबोल दररेटका आधारमा परल मूल्यको अधिकतम पचास प्रतिशतसम्म अनुदान रकम सिमा निर्धारण गर्ने ।

(च) खण्ड (क) बमोजिम छनौट भएका आवेदकसँग मेसिनरी औजारको परल मूल्यको अधिकतम पचास प्रतिशत अनुदान सिमा रकम खुल्ने गरि सम्बन्धित लाभग्राहीसँग सम्झौता गर्नुपर्नेछ ।

(छ) छनौट भएको लाभग्राहीले सम्झौता बमोजिम मेसिनरी औजारको खरिद गर्न सक्नेछ। सम्झौता बमोजिम अनुदानग्राहीले कार्य सम्पन्न गरेपछी कार्यालयको प्राविधिकले अनुगमन गरि आवश्यक बिल भरपाइ, फोटो, प्रतिवेदन र भुक्तानी निवेदन प्राप्त भएपछी कार्यालयले लाभग्राहीको खातामा सम्झौता बमोजिमको अनुदान रकम उपलब्ध गराउनेछ।

(४) सूचिकृत आपूर्तिकर्ताले अनुदानग्राहीलाई कृषि यन्त्र उपकरण वा मेसिनरी औजार उपलब्ध गराउनुपुर्व स्वीकृत स्पेसिफिकेशन अनुसार वा सो भन्दा बढी क्षमता वा गुणस्तर भएको बारे कार्यालयले तोकेको प्राविधिकबाट प्रमाणित गराउनु पर्नेछ।

(५) छनौट भएका अनुदानग्राहीले सम्झौता गरेको एक महिना भित्र कृषि मेसिनरी नलिएमा वैकल्पिक प्राथामिकता आधारमा अनुदानग्राहीसँग सम्झौता गरि कार्यक्रम संचालन गर्न सकिनेछ।

(६) आपुर्त्तिकर्ताले स्पेसिफिकेसन अनुसार र गुणस्तरयुक्त कृषि मेसिनरी उपलब्ध गराउने स्वयम् आपूर्तिकर्ता सम्पूर्ण जिम्मेवारी हुने गरी लिखित सुनिश्चित गराउनुपर्नेछ, र अनुसूची-१० बमोजिमको ढाँचामा सम्बन्धित मेसिनरी यन्त्र उपकरणमा मेसिनको स्पेसिफिकेसन र अनुदान प्रतिशत सहितको विवरण प्रष्ट देखिने गरी (स्थायी प्रकृतिको) राख्नु पर्नेछ।

(७) कृषि मेसिनरी प्राविधिक रुपले स्थानीय भूगोल सुहाउँदो हुनुपर्नेछ।

१५. <u>व्यावसायिक फलफूल बगैंचा स्थापना तथा विकास कार्यक्रमः</u> (१) एक गाउँ एक व्यावसायिक फलफूल बगैंचा स्थापना मार्फत कर्णाली प्रदेशलाई फलफूलमा आत्मनिर्भर, व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण, कृषकको आयआर्जन वृद्धि गर्दै रोजगारी सृजना, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न कार्यालयमा वजेट विनियोजन भएमा कम्तीमा तीन वर्षसम्म बिरुवा संख्याको आधारमा



कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी ... सुर्खेत, नेपाल

प्रोत्साहन मा प्राथमिकता दिने गरि व्यावसायिक फलफूल बगैंचा स्थापना तथा विकास कार्यक्रममा देहायका प्रमुख क्रियाकलाप संचालन गर्नु पर्नेछः-

(क) बगैंचाको विस्तृत परियोजना प्रतिवेदन तयार गरि बगैंचाको रेखाङ्कन र जग्गा तयारी, बिरुवा रोप्ने खाडल तयारी, मलखाद व्यवस्थापन, बिरुवा खरिद तथा रोपण,

(ख) बगैंचा भित्र साना सिँचाइ प्रणाली तथा मर्मत सम्भार (स्प्रिन्कलर, थोपा सिँचाइ, पाइपलाइन, रिंगबेड सिँचाई, पोखरी, फेरोसिमेन्ट पोखरी आदि) तथा बिरुवाको नियमित सिंचाई,

(ग) फलफूल बगैंचा स्थापना सम्बन्धी अभिमुखीकरण, विशेषज्ञ तथा प्राविधिक सेवाटेवा र तालिम,

(घ) बगैंचाको हेरचाह, गोडमेल तथा अन्य व्यवस्थापन,

(ङ) व्यावसायिक फलफूल बगैंचाको अवलोकन भ्रमण,

(च) गोठेमल, कम्पोस्ट मल, अर्गानिक एवं जैविक मल तथा जैविक विषादी उत्पादन तथा प्रयोगमा सहयोग,

(छ) चक्लाबन्दी तथा कलस्टरमा बगैंचाको सुरक्षाको लागि घेरबार सहयोग,

(ज) बगैंचा भित्र अन्तरबाली वा मिश्रित बाली तथा परागसेचन व्यवस्थापन,

(झ) कार्यालयको वार्षिक स्वीकृत कार्यक्रमअनुसार अर्गानिक प्रमाणीकरण पाठशाला,

(ञ) सार्वजनिक सुनुवाई, सूचना बोर्ड,

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालनका लागि प्रति लाभग्राही अनुदान रकमको सीमा स्वीकृत बजेटको परिधिभित्र रही लागत अनुमानको पचास प्रतिशत वा अधिकतम रकम दश लाख रुपैंया मध्ये जुन कम हुन्छ सोहि अनुदान सिमा हुनेछ। तर खण्ड (ग) (घ) (ङ) र (ञ) बमोजिमका क्रियाकलापमा शतप्रतिशत हुनेछ।

(३) उपदफा (१) बमोजिम कार्यक्रम संचालन गर्दा देहायका प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) स्वीकृत कार्यक्रमको स्थान वा टोल पहिचान भएको हकमा कार्यालयले स्थलगत निरीक्षण तथा प्राविधिक सम्भाव्यता अध्ययन गरि व्यावसायिक कार्ययोजना सहितको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने,

(ख) प्राविधिक तथा व्यावसायिक रुपमा उपयुक्त देखिएमा सम्बन्धित स्थानीय तह वा वडा प्रतिनिधिको रोहवरमा छलफल गरि कार्यक्रम संचालनको लागि अनुसूची -११ बमोजिम बिरुवा संख्याको न्यूनतम् मापदण्ड पुरा हुने गरि सम्बन्धित क्षेत्रको कृषक, निजी फर्म वा समूह वा सहकारी छनौट गर्ने निर्णय र स्थानीय तहको सिफारिस सहित कार्यक्रम सचालन समितिले छनौट गर्ने,

(ग) कार्यक्रम संचालन गर्ने स्थान वा टोल पहिचान नभएको कार्यक्रमको हकमा दफा ६ बमोजिम सूचना प्रकाशन मार्फत छनौट भएको स्थान वा लाभग्राहीको व्यावसायिक कार्ययोजना सहितको विस्तृत परियोजना प्रतिवेदन तयार गरि कार्यक्रम संचालन गर्ने।

(घ) सुचिकृत निवेदन वा स्थान पहिचान गरिएको क्षेत्रको सबैभन्दा बढी फलफुल बिरुवा रोपी बगैचा स्थापना गर्ने आवेदकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

(४) फलफूल बगैंचा स्थापना तथा विकास कार्यक्रम संचालन गर्न देहायको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी ... सुर्खेत, नेपाल

(क) व्यक्तिगत वा सामुहिक रुपमा एकै भूगोलमा चक्लाबन्दी वा कलस्टरमा बगैंचा स्थापना तथा विकास गर्नको लागि प्रति बगैंचा न्यूनतम् बिरुवा संख्या अनुसूची-११ बमोजिम हुनुपर्नेछ,

(ख) कलस्टरमा बगैंचा स्थापना तथा विकास गर्दा बढीमा दुई वटा क्षेत्र मिलाएर चक्लाबन्दी गर्न सक्नेछ,

(ग) बगैंचा स्थापनाको लागि कम्तीमा प्राविधिक हिसाबले उपयुक्त र सिँचाईको स्रोत सुनिश्चित हुनुपर्नेछ। कार्यालयले न्यूनतम् दुई ओटा फलफूल बगैंचाको नमुना बगैंचा रुपमा सबै बिरुवाको जीपीएस कोड सहितको रेकर्ड राख्न सक्नेछ ,

(घ) कार्यालयमा सूचीकृत नर्सरीबाट फलफूल बिरुवाको जातीय र भौतिक गुणस्तर कायम गर्न कार्यालयले बिरुवाको प्राविधिक मापदण्ड अनुसार बिरुवा भएको सुनिश्चित गर्ने,

(ङ) बिरुवा रोप्ने सिजन भन्दा एक महिना अगाडी बगैंचाको रेखाङ्कन, खाडल तयारी, मलखाद तथा सिँचाईको व्यवस्थापन गर्नुपर्ने, सोको फोटो भिडियो सहितको रेकर्ड राख्ने,

(च) फलफूल बगैंचा स्थापना कार्यक्रमको लागि निवेदन माग र कृषकको सुचिकृत गर्नुपर्ने भएमा हिउँदे तथा वर्षे फलफूलको एकै पटक दफा ६ बमोजिम सूचना प्रकाशन गर्नुपर्नेछ,

(छ) बगैंचा स्थापनाको लागि सम्भव भएसम्म हिउँदे फलफूलको लागि मङ्सिर मसान्तसम्म र वर्षे फलफूलको लागि चैत्र मसान्तसम्म सबै स्थानको छनौट गर्नुपर्नेछ र सोको विवरण निर्देशनालय तथा मन्त्रालयमा पठाउनुपर्नेछ,

(ज) मन्त्रालय, निर्देशनालय र आवश्यकताअनुसार विज्ञ सहितको टोलीले स्थलगत अनुगमन निरीक्षण गरि भूगोल, हावापानी, प्राविधिक तथा व्यावसायिक रुपमा उपयुक्त नभएमा र कार्यालयले हिउँदे फलफूलको लागि मङ्सिर मसान्तसम्म र वर्षे फलफूलको लागि चैत्र मसान्तसम्म बगैंचा स्थापना गर्ने स्थान छनौट गर्न नसकेमा मन्त्रालयले आबश्यक निर्देशन दिनेछ।

(झ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(ञ) स्थानीय तहको सिफारिस पत्र,

(ट) बिरुवा खरिद गर्दा सरकारी फर्मबाट खरिद गर्नु पर्ने र सरकारी फर्म केन्द्रबाट उपलब्ध हुन नसकेमा सोको प्रमाण राखी अन्य स्रोत केन्द्र वा फर्मबाट खरिद गर्न सकिने।

(५) उपदफा (४) खण्ड (क) बमोजिमको विरुवा संख्या भन्दा कम हुने गरि फलफूल बगैंचा स्थापना गर्न पाइने छैन।

(६) फलफूल बगैचाको विकास तथा दिगोपनाको लागि देहायबमोजिम गर्नुपर्नेछः

(क) कार्यालयले बिरुवा संख्याको आधारमा प्रोत्साहन रकम र फलफूल बगैंचामा बढी बिरुवा रोप्ने सम्भावना छ भने सोहि अनुसार आगामी आर्थिक वर्षमा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

(ग) बगैंचा स्थापना पश्चात रोपण गरेको बिरुवा मरेमा वा कुनै कारणबस नोक्सान भएमा लाभग्राहीले दोस्रो र तेस्रो वर्षमा अनिवार्य रुपमा पुनरोपण गर्नुपर्नेछ,

(ग) कार्यालयमा वजेट विनियोजन भएमा सम्बन्धित लाभग्राहीले हुर्काएको बिरुवा संख्याको आधारमा प्रति बिरुवा एक सय रुपैयाको दरले प्रोत्साहन सहयोग उपलब्ध सकिनेछ, उक्त रकम भुक्तानीको लागि सम्बन्धित समुदायको जनप्रतिनिधि र कार्यालयको कर्मचारीको रोहबरमा कम्तीमा पांच जनाको उपस्थितिमा सार्वजनिक सुनुवाई र मुचुल्का प्रतिवेदन, जीपीएस कोड गरेको भए जीपीएस रेकर्ड अनुसार बिरुवा संख्या प्रमाणीकरण र सम्बन्धित बगैंचा धनीले भुक्तानी निवेदन पेश गर्नुपर्नेछ,

१६. <u>कृषि तथा पशुपन्छी स्रोतकेन्द्र स्थापना तथा विकास कार्यक्रम (बाली, फलफूल, नर्सरी, मौरी, च्याउ बीउ, पशुपन्छी, मत्स्य लगायत):</u> (१) यस कार्यक्रम संचालनका लागि देहाय बमोजिमका स्रोतकेन्द्र स्थापना तथा संचालन गर्नु पर्नेछः-

(क) खाद्यान्न बीउ, तरकारी बीउ, मसलाबाली आदि,

(ख) फलफूल माउबोट, रुटस्टक, सायन तथा फलफूल नर्सरी आदि,

(ग) च्याउको स्पन, मौरी वा मौरी घार तथा मौरीपालन उपकरण,

(घ) पशुपन्छी (भेडा, च्याङ्ग्रा, बाख्रा, गाई, भैंसी, चौरी, कुखुरा, बङ्गुर, विशिस्ट जात पशुपन्छी) तथा मत्स्य आदि,

(ङ) घाँसको बीउ वा बेर्ना स्रोत केन्द्र ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालनका लागि अनुदान रकम र अधिकतम सीमा स्वीकृत बजेटको परिधिभित्र रही लागत अनुमानको अधिकतम पचास प्रतिशतसम्म हुन सक्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यक्रम संचालन गर्दा स्रोत केन्द्रको व्यावसायिक विकासको लागि स्थानीय आवश्यकता र औचित्यअनुसार देहायका क्रियाकलापहरु गर्नु पर्नेछः-

(क) पूर्वाधार निर्माण वा सुदृढिकरण,

(ख) सिंचाई व्यवस्थापन,

(ग) प्यारेन्ट स्टक, माउबोट, रुटस्टक, बिरुवा तथा बीउमा सहयोग,

(घ) नश्लसुधारको लागि भैंसीको पाडी, गाईको बाच्छा, बाच्छी, भेडा बाख्राको पाठा,पाठी र कुखुराको चल्ला,

(ङ) मेसिन तथा औजार उपकरण खरिद तथा वितरण,

(च) विशेषज्ञ, प्राविधिक सेवाटेवा तथा संस्थागत क्षमता विकास,

(छ) बाली संरक्षण, औषधी उपचार सेवा तथा आहारा व्यवस्थापन,

(ज) स्रोतकेन्द्रको स्तरोउन्नति र गुणस्तर सुधारको लागि अनुसन्धानमुलक कार्य,

(झ) अन्तरनिहित सेवा र नमूना सिकाई केन्द्रको रुपमा विकास ।

<u>स्पष्टीकरणः</u> अन्तरनिहित सेवा भन्नाले स्रोत केन्द्रले किसानलाई दिने प्राविधिक सल्लाह, तालिम, सिकाईको लागि नमुना प्रदर्शनी स्थल, बीउबिजन, बिरुवा, पशुपन्छी नस्ल, बिमा सेवा, कृषि सूचना प्रणालीलाई सम्झनुपर्छ।

(४) उपदफा३को खण्ड (१)को (च) (छ) र (ज) बमोजिमका क्रियाकलापमा शतप्रतिशत हुनेछ।

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(५)उपदफा (१) बमोजिम स्रोतकेन्द्र स्थापना तथा संचालन गर्दा देहायका शर्त पूरा गर्नु पर्नेछः-

(क) कृषि तथा पशुपंक्षी स्रोत केन्द्रको विस्तृत परियोजना प्रतिवेदन र व्यवसायिक योजना तयार,

(ख) रेकर्ड प्रणाली लागु गरिएको (बीउ, बेर्ना, बिरुवा, स्पन, गोला, नस्लको जातीय गुण, बिक्री वितरण, स्टक आदि),

(ग) नेपाल सरकारले परिभाषित गरेको जातीय गुणको बीउ, बेर्ना, बिरुवा, स्पन, गोला, नस्लको सुनिश्चित गरेको हुनु पर्ने,

(घ) कार्यक्रम संचालन पश्चात स्रोत केन्द्रको न्यूनतम मापदण्ड पूरा हुने सम्भावना भएको,

(ङ) कृषि तथा पशुपन्छी स्रोत केन्द्रको न्यूनतम मापदण्ड पूरा गरेकोलाई प्राथामिकता दिनुपर्नेछ,

(च) कृषि तथा पशुपंक्षी स्रोतकेन्द्र दर्ता प्रमाणपत्र,

(छ) दर्ता प्रमाणपत्र नभएमा स्रोतकेन्द्रको मापदण्ड पुरा गरेको अवस्थामा कार्यालयले दर्ता गरि प्रमाण पत्र प्रदान गर्न सक्नेछ,

(ज) कृषि तथा पशुपंक्षी स्रोतकेन्द्रबाट उत्पादित कृषि उपजहरु कृषकलाई न्यूनतम सरकारी दर रेटमा उपलब्ध गराउने प्रतिबद्धता सहितको कार्यालयसंग सम्झौता ।

(६) कुखुराको प्यारेन्ट स्टक तथा पशुको उन्नत नश्ल आयातको हकमा नेपाल सरकारको "आयात निर्यात सिफारिस, पशुजन्य उद्योग स्थापना तथा विक्री वितरण अनुमति सम्बन्धी कार्यविधि, "२०७३" बमोजिम गर्नु पर्नेछ।

१७. <u>उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमः</u> (१) व्यावसायिक रुपमा विभिन्न कृषि उत्पादन र पशुपन्छी तथा मत्स्य पालनका लागि प्रोत्साहित गर्न देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) सार्वजनिक सूचना प्रकाशन अवधिमा कृषकहरुले अनुसुची-१२ बमोजिमको आवेदन र विवरण पेस गर्नु पर्ने,

(ख) कार्यालयले आवेदकहरुको स्थलगत खडा बाली वा पशुपन्छीको संख्या अनुगमन गरि कार्यक्रम सञ्चालन समिति समक्ष अनुगमन प्रतिवेदन पेस गर्ने।

(२) कार्यालयबाट प्राप्त प्रतिवेदनको आधारमा कार्यक्रम सञ्चालन समितिले आवश्यकताको आधारमा स्थलगत अनुगमन गर्न सक्नेछ वा सिफारिसको आधारमा सोझै प्रोत्साहन लाभग्राही छनौट गर्नेछ।

(३) यस दफा बमोजिम संचालन हुने कार्यक्रमको अनुदान रकम र अधिकतम सीमा अनुसुची–१३ बमोजिम हुनेछ।

(४उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन गर्न देहायको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) संस्थागत हकमा संस्था दर्ताको प्रमाणपत्र र उत्पादन रेकर्ड, तथा कृषकको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र स्थायि लेखा नम्बरको प्रतिलिपि,

(ख) अन्य कुनै पनि कार्यक्रम वा निकायबाट एकै प्रकृतिको अनुदान प्राप्त नगरेको वा अनुदानमा दोहोरोपना नभएको स्थानीय तह वा वडाको सिफारिस ।

(ग) प्राविधिक प्रतिवेदन

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(५) उपदफा (४) मा जुनसुकै कुरा लखिएको भए तापनि एक आर्थिक वर्षमा अन्य अनुदान प्राप्त गरि बाली वस्तु उत्पादन गरेको छ भने त्यस्तो बाली वस्तुमा कार्यालयले प्रोत्साहन अनुदान दिने छैन।

(६) यस दफा बमोजिम दुग्ध प्रोत्साहन अनुदानसम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) दुग्ध उत्पादनमा प्रोत्साहन सहयोग लिनका लागि औपचारिक रूपमा प्रत्यक्ष दुग्ध उत्पादक किसानले दुध सङ्कलन केन्द्र वा डेरी पसल वा सहकारीको अभिलेख राखि बिक्री वितरणको रेकर्ड प्रमाणित भएको हुनु पर्ने,

(ख) दुध खरिद तथा संकलनकर्ताले उत्पादक कृषकलाई दुध खरिद परिमाणको आधारमा सम्बन्धित कृषकको बैंक खातामा रकम जम्मा गरेको प्रमाण कार्यालयमा पेस गर्नु पर्ने,

(ग) दुधालु गाई भैंसीको बिमालेखको प्रतिलिपि उपलब्ध भएसम्म पेश गर्नुपर्ने।

१८. <u>फलफूल बगैंचा सुदृढीकरण कार्यक्रमः</u> (१) फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका प्रमुख क्रियाकलापहरु संचालन गर्नु पर्नेछः-

(क) फलफूल बगैंचा सुदृढीकरण तथा व्यवस्थापन सम्बन्धी दुई दिने स्थलगत व्यवहारिक (तालिम तथा काँटछाँट, मलखाद र सिँचाई व्यवस्थापन सम्बन्धी) तालिम,

(ख) फलफूल बगैंचा भित्र सिँचाई प्रणाली व्यवस्थापन,

(ग) जैविक मल, बोर्डो पेस्ट, विषादी तथा बगैंचाको लागि मेसिनरी औजार सामग्री सहयोग,

(घ) बिरुवा पुनः रोपण वा प्रतिस्थापन,

(ङ) विशेषज्ञ सेवा, स्थानीय श्रोत व्यक्ति तथा प्राविधिक सेवा टेवा ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालनका लागि देहायको अधिकतम अनुदान सीमा र अनुदान प्रतिशत हुनेछः-

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको कार्यक्रमका लागि कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८२ बमोजिम,

(ख) उपदफा (१) को खण्ड (ख) बमोजिमको कार्यक्रमका लागि प्रति बगैंचा अधिकतम दुई लाखसम्म र कुल लागतको पचास प्रतिशत,

(ग) उपदफा (१) को खण्ड (ग) बमोजिमको कार्यक्रमका लागि प्रति बगैंचा अधिकतम पचास हजारसम्म वा खरिद मूल्यको पचास प्रतिशत,

(घ) उपदफा (१) को खण्ड (घ) बमोजिमको कार्यक्रमका लागि प्रति खाडल अधिकतम् रु दुई सय र प्रति बिरुवामा खरिद मूल्यको पचास प्रतिशत।

(ङ) उपदफा (१) को खण्ड (क र ङ) बमोजिमको कार्यक्रमका लागि कार्यालयको शत प्रतिशत हुनेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "बगैंचा" भन्नाले एकल वा सामुहिक गरि कम्तीमा तीन सय बोट भएको बगैंचा सम्झनु पर्छ।

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

१९. <u>कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रमः</u> (१) लागत सहभागितामा व्यवसायिक कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत बजेट कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न सकिनेछ-

(क) रोड करिडोर व्यावसायिक कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम,

(ख) बाली तथा पशुपन्छी विशेष उत्पादन (पकेट विकास) कार्यक्रम,

(ग) युवा लक्षित कार्यक्रम (रिटर्नी रिटेन, भूकम्प प्रभावित एवंम् बेरोजगार समेत)

(घ) लागत सहभागितामा कृषि व्यवसाय प्रवर्द्धन (दुई हेक्टरमा)

(ङ) बगर खेती प्रवर्द्धन कार्यक्रम,

(च) माग तथा व्यावसायिक परियोजनामा आधारित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम,

(छ) खाद्यान्न, तरकारी,फलफूल, आलु, च्याउ, मौरी पालन, वीज बृद्धि कार्यक्रम, पुष्पखेती, मसलाबाली, दलहन, तेलहन प्रवर्द्धन कार्यक्रम,

(ज) बाँझो जग्गामा उत्पादन विशेष कार्यक्रम,

(झ) विशिष्ट जातका कालिज, बट्टाई, टर्की, कडकनाथ, कुखुरा र अष्ट्रिच प्रवर्द्धन कार्यक्रम,

(ञ) कृषि (खाद्यान्न, तरकारी, फलफुल लगायत अन्य) तथा पशुपन्छी (स्थानीय वा उन्नत जातको कुखुरा, गाई भैंसी, बाख्रा, भेडा, च्याङ्ग्रा, चौरी लगायत अन्य) सम्बन्धी व्यवसाय प्रवर्द्धन कार्यक्रम।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्दा देहायका क्रियाकलाप संचालन गरिनेछः

(क) कृषि बाली अन्तर्गत तरकारी, खाद्यान्न, फलफूल, दलहन. तेलहन, किट विकास, पुष्प, मसलाबाली लगायत अन्य बालीहरुको उत्पादन, नर्सरी, प्रशोधन, बजारीकरण, प्रविधि, कृषि उत्पादन सामाग्रीहरुमा सहयोग तथा आवश्यकता र औचित्यअनुसार कृषि पूर्वाधार निर्माण,

(ख) पशुपन्छी अन्तर्गत भेडा, बाख्रा, च्याङ्ग्राको घोडा, चौरी, याक, नाक, गाई, भैंसी, बंगुर, मत्स्य, कुखुरा लगायत अन्य पशुपन्छीको उत्पादन, नर्सरी, ह्याचरी, प्रशोधन, बजारीकरण, प्रविधि, कृषि उत्पादन सामाग्रीहरुमा सहयोग तथा आवश्यकता र औचित्यअनुसार कृषि पूर्वाधार निर्माण।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्दा न्यूनतम मापदण्ड र अनुदान रकमको सिमा अनुसूची-१४ बमोजिम हुनेछ र अनुदान प्रतिशत कुल लागतको अधिकतम पचास प्रतिशत हुनेछ।

(४) उपदफा (१) खण्ड (ग) बमोजिम मागमा आधारित युवा लक्षित कार्यक्रम संचालन गर्दा युवा, विदेशबाट फर्किएका, प्राविधिक ज्ञान सिप भएको, बेरोजगार, व्यवसायिक कृषि गरिरहेका र एकै कलस्टरमा ठुलो क्षेत्रफल र संख्यामा व्यवसाय गर्ने कृषि फर्म, समूह तथा सहकारीलाई पहिलो प्राथमिकता दिनुपर्नेछ।

२०. <u>बाख्रा, च्याङ्ग्रा, गाई, भैंसी, बंगुर पालक कृषकलाई प्रोत्साहन सहयोग कार्यक्रमः</u> (१) कृषकको पशु व्यवसायलाई निरन्तरता दिन सहजीकरण गर्नका लागि देहाय बमोजिम क्रियाकलाप संचालन गर्नु पर्नेछः-

(क) पचास भन्दा बढी बाख्रा, च्याङ्ग्रा वा पाँच भन्दा बढी, गाई, भैंसी, बंगुर पालन गर्ने कृषकको सूचना मार्फत सूचीकरण तथा विवरण अद्यावधिक गर्ने,

(ख) खण्ड (क) बमोजिमका बाख्रा र च्याङ्ग्रा कृषकहरूलाई मासिक अधिकतम एक हजार पाँचसय रुपैयाँका दरले बाह्र महिनाको कुल हुन आउने रकमलाई कृषकको बैंक खातामा भुक्तानी गर्ने,

(ग) खण्ड (क) बमोजिमका गाई, भैंसी र बंगुर कृषकहरूलाई मासिक अधिकतम दुई हजार रुपैयाँका दरले बाह्र महिनाको कुल हुन आउने रकमलाई कृषकको बैंक खातामा भुक्तानी गर्ने।

(२) उपदफा (१) बमोजिम संचालन हुने कार्यक्रमको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) पचास भन्दा बढी बाख्रा, च्याङ्ग्रा वा पाँचभन्दा बढी बयस्क गाई, भैंसी, बंगुर पालन गरेको कृषक,

(ख) बैंक खाता खोलेको हुनुपर्ने,

(ग) व्यवसायको फोटो, भिडियो र कृषक आफुले पालन गरेको पशु संख्याको स्वघोषणा,

(घ) कार्यालयको प्राविधिकको प्रतिवेदन र स्थानीय तहको सिफारिस।

२१. <u>कृषि उपज बजारीकरणका लागि ढुवानी सेवा कार्यक्रम(दुध र मौरी)</u> (१) कृषि उपज बजारीकरणका लागि ढुवानी सेवा कार्यक्रम संचालनका लागि देहायका न्यूनतम मापदण्ड अवलम्बन गर्नु पर्नेछः-

(क) दुध र मौरी उत्पादनमा दिइने,

(ख) खण्ड (क) बमोजिमका ढुवानी गरिने परिमाण कम्तीमा एक टन उत्पादन हुनु पर्ने,

(ग) स्थानीय माग भन्दा बढी उत्पादन भई स्थानीय बजारमा बिक्रि गर्न कठिन भएको उत्पादित कृषि वस्तुको नाम र अनुमानित बजारयोग्य कृषि वस्तुको परिमाण तोकी स्थानीय तहको सिफारिस सहित कार्यालयमा पेश गर्नु पर्ने,

(घ) ढुवानी सेवामा अनुदान दुर्गम पालिकाबाट जिल्ला सदरमुकाम, प्रदेश भित्रको जिल्लाहरु र वीरेन्द्रनगर सुर्खेत, नेपालगंज सम्मको बजारका लागी मात्र दिने, मौरी पालनको हकमा चरन क्षेत्रसम्म,

(ङ) जिल्लामा दुर्गम स्थानीय तह र जिल्लाको दुरदराज, दुर्गम क्षेत्रको कृषि उत्पादनलाई प्राथमिकता दिने,

(च) ढुवानीमा लागत साझेदारी गर्ने स्थानीय तहको उत्पादनलाई प्राथमिकता दिन सकिने।

(२) कृषि उपज बजारीकरणका लागि ढुवानी सेवा कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) ईच्छुक कृषि व्यवसायी, उद्यमी, फर्म, सहकारीले आफूले ढुवानी गर्ने कृषि वस्तुको परिमाण, अन्तर जिल्लाका व्यापारीसँगको खरिद सम्झौता लगायतका आवश्यक विवरण सहित जिल्लास्थित कार्यालयमा ढुवानी अनुदानका लागि आवेदन दिनु पर्ने,

(ख) जिल्लास्थित कार्यालयले उत्पादन क्षेत्र पहिचान गरि अनुमानित उत्पादन र ढुवानी गरि बजारमा पठाउनु पर्ने उपजको परिमाण यकिन गरि निर्देशनालयमा कम्तीमा एक हप्ता अगाडी विस्तृत विवरणसहित लिखित जानकारी गराउनु पर्ने,

(ग) कार्यालयले ढुवानी गर्ने ईच्छुक कृषि व्यवसायी, उद्यमी, फर्म, सहकारीसँग स्वीकृत बजेटको परिधिभित्र रही सम्झौता गर्नु पर्ने,

(घ) सम्बन्धित जिल्लाबाट सम्झौता अनुसार ढुवानी गरि ल्याएको कृषि वस्तु प्राविधिकले अनुगमन गरि गराई सोको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने,

(ङ) ढुवानी गरिएको वस्तुको परिमाण, ढुवानी जिल्ला दररेट, बील भरपाई, ढुवानी साधनको ब्लु बुक, लाइसेन्स, कृषि उपज बुझिलिनेको ब्यापारी वा कृषि बजारको बिस्तृत विवरण र भर्पाइ, ढुवानी गरेको सम्बन्धित जिल्लाको कृषि वा पशुपन्छी क्षेत्र हेर्ने कार्यालयको प्रतिवेदनका आधारमा सम्झौता बमोजिम कार्यालयले ढुवानीकर्तालाई भुक्तानी गर्ने।

(३) कृषि उपज बजारीकरणका लागि ढुवानी सेवा कार्यक्रमको लागि प्रचलित जिल्ला दररेट अनुसार पचास प्रतिशत वा अधिकतम् एक लाख रुपैयाँसम्म ढुवानी अनुदान रकम उपलब्ध गराउनु पर्नेछ। साथै लाभग्राहीले नियमानुसार ब्यवसाय कर तिर्नुपर्नेछ।

२२. <u>सामुदायिक बीउ बैंक स्थापना तथा संचालन कार्यक्रमः</u> (१) स्थानीय बीउको संरक्षण, व्यवस्थापन र पहुँच सुनिश्चित गरि कृषि जैविक विविधताको प्रवर्द्धन गर्दै आपतकालीन अवस्थामा बीउको सुनिश्चितता गर्दै किसानलाई आत्मनिर्भर, दिगो र उत्पादनमुखी कृषि प्रणालीतर्फ उन्मुख गराउन देहायका प्रमुख क्रियाकलाप संचालन गर्नु पर्नेछः-

(क) भौतिक पूर्वाधार निर्माण (स्थानीय बीउ भण्डारण तथा प्रदर्शनी कोठा),

(ख) सामुदायिक बीउ बैंक संचालक समिति गठन (समुह वा सहकारीको हकमा सोही समितिले संचालन गर्न सक्ने),

(ग) रैथाने बीउको संरक्षण तथा प्रवर्द्धन, लेबलिङ, कृषकको क्षमता विकास र जनचेतना अभिवृद्धि,

(घ) कृषकलाई बीउपुँजी (उत्पादन पछी सोहि मात्रामा फिर्ता गर्ने गरि) को रुपमा स्रोतवीउ उपलब्ध गराउने,

(ङ) सामुदायिक बीउ बैंकको व्यवसायिक योजना निर्माण ।

(च) विशेषज्ञ सेवा, स्थानीय श्रोत व्यक्ति, तालिम तथा प्राविधिक सेवा टेवा।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालनका लागि अनुदान रकम र अधिकतम सीमा स्वीकृत बजेटको परिधिभित्र रही लागत अनुमानको अधिकतम पचास प्रतिशतसम्म हुन सक्नेछ। तर खण्ड (च) बमोजिमको क्रियाकलापमा शतप्रतिशत हुनेछ।

२३. <u>अर्गानिक कृषि प्रमाणीकरण कार्यक्रमः</u> (१) अर्गानिक कृषि उपजको मुल्य अभिवृद्धि गरी अर्गानिक कृषि <u>उत्पादकको</u> व्यवसायलाई व्यवस्थित गर्नको लागि अर्गानिक कृषि प्रमाणीकरण गर्नको लागि देहाय बमोजिमका प्रमुख क्रियाकलाप संचालन गर्नु पर्नेछः-

(क) स्वीकृत कार्यक्रम बजेटमा उल्लेख भएको कृषि जन्य वस्तु वा उल्लेख नभएको हकमा जिल्लामा सम्भावना भएको कृषि जन्य वस्तुको पिजिएस वा आइसीएस वा तेस्रो पक्ष प्रमाणीकरण,

(ख) कृषक समूह वा व्यावसायिले आर्गानिक प्रमाणीकरण प्रमाणपत्र प्राप्त लिने,

(ग) प्रमाणीकरण गरेको वस्तुको लोगो तथा ब्रान्ड, निर्माण प्याकेजिङ्ग तथा बजारीकरण,

(घ) अर्गानिक प्रमाणीकरण गरेको कृषि जन्य वस्तु तथा कृषक, समुह, सहकारीको अभिलेखीकरण,

(ङ) अर्गानिक कृषि उपज विदेश निर्यातमा प्रोत्साहन सहयोग।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन खर्च रकम स्वीकृत बजेटको परिधिभित्र रही कार्यालयले आफै प्रमाणिकरण गर्ने कार्यक्रमको हकमा शतप्रतिशत र लागत सहभागिताको हकमा कुल लागतको पचास प्रतिशत हुनेछ ।

(३) अर्गानिक प्रमाणीकरण गर्दा अर्गानिक कृषिको राष्ट्रिय मापदण्डलाई आधार लिनुपर्नेछ, निर्यातजन्य अर्गानिक कृषि उपजको हकमा अन्तराष्ट्रिय मापदण्ड बमोजिम पनि हुन सक्नेछ।

(४) मन्त्रालय वा कार्यालयले अर्गानिक कृषि प्रमाणीकरणको लागि आवश्यक पर्ने प्राविधिक विज्ञसेवा खरिद गर्न सक्नेछ।

२४. <u>जलवायुमैत्री एग्रो इकोलोजिकल मोडेल भिलेज स्थापना तथा विकास कार्यक्रमः</u> (१) स्थानीय स्तरमा दिगो, जलवायुमैत्री र वातावरणमैत्री कृषि प्रणालीलाई प्रवर्द्धन गर्दै कृषि उत्पादन, आय, खाद्य सुरक्षामा सुधार ल्याउने र कृषि पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले देहाय बमोजिमका प्रमुख क्रियाकलाप संचालन गर्नु पर्नेछः

(क) समुदाय वा समुहको छनौट गर्ने,

(ख) जलवायु मैत्री एग्रो इकोलोजिकल मोडेल भिलेज स्थापनाको लागि पुर्व तयारी,

(ग) जलवायु मैत्री एग्रो इकोलोजिकल मोडेल भिलेजको विस्तृत परियोजना तथा कार्ययोजना प्रतिवेदन तयारी,

(घ) स्थान विशेषको आधारमा कम्तीमा एक वटा कृषिजन्य वस्तुको व्यावसायिक उत्पादन,ब्रान्ड निर्माण तथा बजारीकरणसंग सम्बन्धी कार्य,

(ङ) बगैंचा भए स्थानीय सुहाउँदो उपयुक्त रेखांकन तरिका प्रयोग गर्नुपर्ने,

(च) जलवायु तथा पर्यावरणमैत्री प्रविधिहरु सिँचाई, गोठ सुधार, भर्मिकम्पोष्ट, कम्पोष्ट मल, हरियो मल, जैविक मल, वानस्पतिक विषादी, सूक्ष्म जैविक मल, कोसेबाली, भिरालो जग्गा खेती प्रविधि, बायो इन्जिनियरिंग, जैविक घेरबार, आइ. पि. एम. तथा नवीनतम प्रविधिहरुको समुचित प्रदर्शन तथा व्यवसायिक प्रयोग लगायत अनुसूची-१५ बमोजिमको अनुसन्धानमुलक प्रदर्शन कार्यहरु,

(छ) एकीकृत कृषि, रैथाने बाली, पशुपन्छी, प्रविधि तथा संस्कृतिको प्रदर्शन तथा व्यावसायिक प्रयोग र होम स्टे एवम् कृषि पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने,

(ज) स्थानीय खाद्य संस्कृतिमा आधारित खाद्य प्रणालीको विकास गर्ने,

(झ) कार्यक्रम संचालन पश्चात एग्रो इकोलिजिकल मोडेल भिलेजको न्युनतम आधारहरु र संरचना स्थापना गरी मुल्यांकन गरेर एग्रो इकोलिजिकल मोडेल भिलेज घोषणा गर्ने।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालनको लागि कुल लागतको पचास प्रतिशत अनुदान उपलब्ध गराउने।

(३) उपदफा (१) बमोजिम संचालन हुने कार्यक्रमको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) कम्तीमा पन्ध्र घरधुरीले उत्पादनमुलक कृषि व्यवसायमा आवद्ध भएको गाँउ,

(ख) प्रत्येक घरधुरीको व्यवसायिक योजना र समुदाय स्तरको योजना,

(ग) पर्यटकहरु आगमन हुने स्थानमा होमस्टे

(घ) प्रकृतिमैत्री, पर्यावरणमैत्री र वातावरणमैत्री प्रविधिको प्रयोग,

(ङ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण,

(च)एग्रो एकोलोजिकल मोडेल भिलेजको लागि न्यूनतम् मापदण्डहरु पुरागर्न सकिने स्थान

(४) उपदफा (१) बमोजिम कार्यक्रम संचालन गर्दा कार्यक्रम संचालन गर्ने स्थान पहिचान भएको क्षेत्रमा कार्यालयले प्राविधिक प्रतिवेदन सहित पहिचान गरीएको स्थानको समुदाय र सम्बन्धित स्थानीय तहको जनप्रतिनिधिको रोहबरमा बैठक तथा अन्तरक्रिया छलफल गरी स्थानीय तहको सिफारिस सहित दफा ४ बमोजिमको कार्यक्रम संचालन समितिले निर्णय गरी संचालन गर्न सक्नेछ।

२५. <u>अर्गानिक प्रमाणीकरण (पिजिएस) कृषक पाठशाला संचालन कार्यक्रमः</u> (१) कृषकलाई अर्गानिक वा स्वस्थ बाली उत्पादन प्रविधी सम्बन्धी ज्ञान, सीप प्रदान गर्न कृषकको सहभागितामा प्रविधिको परीक्षण गर्दै अर्गानिक प्रमाणीकरण कृषक पाठशाला तालिम मार्फत अर्गानिक कृषि व्यवसाय प्रवर्द्धन देहायका प्रमुख क्रियाकलाप संचालन गर्नु पर्नेछः-

(क) पाठशाला संचालन गर्ने स्थान, कृषक छनौट र समूह गठन,

(ख) अर्गानिक प्रमाणीकरण कृषक पाठशालामा उत्पादन गरिने तरकारी, स्याउ, सुन्तला,अदुवा,च्याउ, मह लगायत अन्य सम्भावित कृषि उत्पादन पहिचान गर्ने,

(ग) पाठशाला संचालनको लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन,

(घ) बालीहरुको पाठशाला संचालन, प्राविधिक तथा व्यवहारिक तालिमहरु संचालन,

(ङ) पिजिएस, प्रमाणीकरण कृषक डायरी, फर्म तयारी र अवलम्वन गरेको खेती प्रविधि तथा प्रक्रियाको विवरण अभिलेख तयारी,

(च) अर्गानिक कृषिको राष्ट्रिय मापदण्ड बमोजिम समुहले स्थानीय मापदण्ड निर्धारण गरि संचालन गर्न सक्नेछ,

(छ) अर्गानिक निरीक्षक वा कार्यालयको प्राविधिक वा सम्बन्धित समुहले तोकेको आन्तरिक निरीक्षकले कार्यक्रम संचालन समितिमा अर्गानिक प्रमाणीकरण सम्बन्धी निरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ,

(ज) पिजिएस समुहले निरन्तर रुपमा दुई वर्ष पाठशाला संचालन वा अर्गानिक उत्पादन गरि मापदण्ड पालना गरेको निरीक्षण प्रतिवेदनको आधारमा सम्बन्धित पिजिएस समुहलाई प्रमाणित लोगो प्रयोग गर्न कार्यक्रम संचालन समितिले अनुमति प्रदान गर्न सक्नेछ,

(झ) कुनै पनि रासायनिक विषादी प्रयोग नभएको तथा पहिले देखि अर्गानिक खेती भएको जग्गाको हकमा एक वर्ष भित्रमा उत्पादित कृषि वस्तुहरुलाई अर्गानिक प्रमाणीकरण गर्न सकिनेछ,

(ञ) अर्गानिक प्रमाणीकरणको लोगो वार्षिक रुपमा सम्बन्धित कार्यालयमा नविकरण गर्नु पर्ने, साथै प्रमाणित लोगो सम्बन्धित कार्यालयले आफ्नो वेभसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएका कृषकहरु दुई वर्ष पछी मूल्यवान लोगो प्रयोग गर्न योग्य हुनेछन र कृषकले मूल्यवान लोगो प्रासीको लागि कार्यालयमा निवेदन दिएमा कर्णाली प्रदेश सरकारको "मुल्यवान" कर्णाली किसानको सम्पदा नामक लोगो प्रयोग सम्बन्धी मापदण्ड २०७८ बमोजिम कार्यालयले मूल्यवान लोगो प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम संचालन हुने कार्यक्रम क्रियाकलापको पाठ्यक्रम, कार्ययोजना र लागत अनुमान अनुसुची-१६ बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम संचालन हुने कार्यक्रमको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) अर्गानिक प्रमाणीकरण हुन सक्ने जिल्लाको सबैभन्दा बढी सम्भावित बाली वस्तुको छनौट गर्ने,

(ख) पाठशाला संचालनको लागि कृषिमा कम्तीमा स्नातक गरेको प्राविधिक वा पाठशाला संचालनमा कम्तीमा तीन वर्ष अनुभव भएको सहायकस्तरको प्राविधिक,

(ग) स्थानीय कृषि प्राविधिक सहजकर्ता छनौट वा कृषक सहजकर्ताहरुलाई पुनर्ताजगी तालिम दिई पाठशाला संचालन गर्न सकिने,

(घ) अर्गानिक कृषि प्रमाणीकरण पाठशालाको समग्र अनुगमन, निरीक्षण तथा प्रतिवेदन तयार गरी अर्गानिक प्रमाणीकरणको सिफारिस गर्न कार्यालयले अर्गानिक कृषि सम्बन्धी कम्तिमा छ दिनको तालिम लिएको अधिकृतस्तरको कर्मचारीलाई अर्गानिक निरीक्षक सम्बन्धी तालिम लिएको कर्मचारी वा अर्गानिक कृषि कार्यक्रम फोकल पर्सन तोक्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन खर्चको मापदण्ड कर्णाली प्रदेश खर्च मापदण्ड २०८२ बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम संचालन हुने कार्यक्रमको कार्यक्रम संचालन प्रक्रिया र मादपण्ड देहाय बमोजिम हुनेछः-

(क) आधिकारिक निकायको सूचना वा अनुरोधपत्र,

(ख) सम्झौता पत्र, कार्यसम्पन्न प्रतिवेदन र रकम भुक्तानी निवेदन,

(ग) स्टल, कृषक पुरस्कार, कृषकको आतेजाते खर्च, कृषि सम्बन्धी प्रचार प्रसार लगायत कृषि सम्बन्धी प्रवर्द्धन कार्यक्रममा मात्र खर्च गर्ने गरि,

(घ) दिवसहरुको हकमा सङ्घीय तथा प्रदेश सरकारबाट दिवस, सप्ताह मनाउनको लागि गरिएको पत्राचार वा कार्यालयको निर्णय,

(ङ) आवश्यकता अनुसार सम्बन्धित कार्यालयको सिफारिस लगायत अन्य कागजात पेश गर्नु पर्ने।

२६. <u>खोरेत रोग उन्मुलन आयोजनाः</u> (१) खोरेत रोग उन्मुलन आयोजना संचालनको लागि देहायका क्रियाकलाप संचालन गर्नु पर्नेछः-

(क) खोरेत रोग जोनिङ तथा कम्पार्टमेन्टलाइजेसन,

(ख) खोरेत रोग जोनिङ क्षेत्रमा पूर्ण खोप सेवा संचालन,

(ग) औषधि, खोप, तथा आवश्यक सामाग्री खरिद,

(घ) खोरेत रोग नियन्त्रणका लागी सरोकारवालासँग अन्तरक्रिया गोष्ठी,

(ङ) जोनिङ, मध्यवर्ती क्षेत्रमा सघन सेरो सर्भीलेन्स कार्यक्रम,

(च) खोरेत रोग पहिचान तथा नियन्त्रणको लागि तालिम संचालन,

(छ) खोरेत रोग नियन्त्रण सम्बन्धी प्रचार प्रसार सामाग्री तयारी तथा छपाई,

(ज) खोरेत रोग मुक्त जोन लागु भएको ठाउँमा स्थलगत अवलोकन कार्यक्रम,

(झ) खोरेत रोग मुक्त जोन सम्वन्धी सम्भाव्यता अध्ययन,

(ञ) कर्णाली प्रदेशको मुख्य नाकामा नियमन कार्यक्रम,

(ट) खोरेत रोग नियन्त्रण सम्बन्धी विज्ञ सेवा परिचालन कार्यक्रम।

(२) उपदफा (१) बमोजिम संचालन हुने कार्यक्रमको लागि मन्त्रालय तथा कार्यालयले स्वीकृत बजेटको परिधिभित्र रहि लागत अनुमान तयार गरि प्रचलित ऐन, नियम अनुसार खर्च गर्नुपर्नेछ।

२७. **गौशाला व्यवस्थापन तथा संचालन कार्यक्रम** (१) गाईको संरक्षण, उचित हेरचाह र व्यवस्थापन गर्दै दुध, गोबर, मूत्रजस्ता उत्पादनको उपयोगमार्फत आर्थिक, सामाजिक र पर्यावरणीय लाभ प्राप्त गर्न देहायका क्रियाकलाप संचालन गर्नु पर्नेछः

(क) गोठ निर्माण तथा सुधार,

(ख) भकारो व्यवस्थापन,

(ग) आहारा तथा पिउने पानी व्यवस्थापन,

(घ) घाँस खेती प्रवर्द्धन,

(ङ) औषधि उपचार सहयोग।

(२) उपदफा (१) बमोजिम संचालन हुने कार्यक्रमको न्यूनतम मापदण्ड र प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) कम्तीमा पनि पाँच वटा गाई, गोरु, बाच्छा, बाच्छीहरुलाई आश्रय दिइरहेका तथा भविश्यमा थप गाई गोरु, बाच्छा बाच्छीहरुलाई अटाउन तथा संरक्षण गर्न सक्ने जग्गा भएको हुनुपर्ने,

(ख) गौशाला रहेको जग्गा उपभोग गर्ने आधार वा स्वामित्व हुनु पर्नेछ।

(ग) गौशालाहरुले आयआर्जन वृद्धि कार्यक्रमको लागि व्यावसायिक योजना बनाउन पर्ने।

(३) उपदफा (१) बमोजिम संचालन हुने कार्यक्रमको संचालन रकम सीमा शत प्रतिशत हुनेछ ।

## परिच्छेद-५

## विविध

२८. **अन्यत्र खर्च गर्न नपाइनेः** (१) यस कार्यविधि बमोजिम सम्झौता भएको रकम सम्बन्धित कार्यमा प्रयोग नगरि अन्यत्र खर्च गर्न वा हिनामिना गर्न पाइने छैन।

(२) उपदफा (१) विपरीत अनुदान रकम अन्यत्र खर्च वा हिनामिना गरि दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित कार्यालयले सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) झुट्टा विवरण पेस गरि अनुदान लिने वा सम्झौता बमोजिम काम नगर्ने वा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा दुरूपयोग गर्ने अनुदानग्राहीलाई मन्त्रालय वा अन्तर्गतका निकायबाट भविष्यमा कुनैपनि अनुदान उपलब्ध गराइने छैन र त्यस्तो अनुदानग्राहीको नामनामेसी समेत सार्वजनिक गरिनेछ।

२९. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यविधि बमोजिम संचालन हुने प्रत्येक कार्यक्रममा कार्यालय प्रमुखले सम्बन्धित शाखा वा सम्बन्धित विषयका प्राविधिक कर्मचारीलाई जिम्मेवारी तोक्नु पर्नेछ। कार्यक्रमको समग्र अनुगमन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु सम्बन्धित शाखा र जिम्मेवारी तोकिएको प्राविधिक कर्मचारीको दायित्व हुनेछ।

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(२) मन्त्रालयले मातहत कार्यालयहरुले सम्पादन गरेका कार्यक्रमहरुमध्ये प्रत्येक कार्यालयको कम्तिमा पाँच वटा कार्यक्रमहरुको प्राविधिक तथा वित्तीय पक्षको मापदण्ड कार्यान्वयन प्रभावकारिताबारे स्थलगत निरीक्षण गरी निर्देशक समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ, सो प्रतिवेदनको आधारमा कार्यविधिको परिमार्जन तथा सम्बन्धित कार्यालयलाई आवश्यकतानुसार सुझाव, निर्देशन र विभागीय कारबाहीको लागि सिफारिस गर्न सक्नेछ ।

(३) जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि,सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष, सम्बन्धित कार्यालयको प्रमुख, सरोकारवाला निकायका प्रतिनिधि र आवश्यकता अनुसार विषय विज्ञको सहभागीतामा कार्यालयले आवश्यकतानुसार अनुगमन समिति गठन गरि कार्यक्रमको संयुक्त अनुगमन तथा सहजीकरण गर्न सक्नेछ। त्यस्तो अनुगमन समितिमा प्रदेश सभाका सदस्यलाई समेत आमन्त्रण गर्न सकिनेछ।

(४) कार्यालयले स्वीकृत कार्यक्रमहरुको प्रगति विवरणको अभिलेख कार्यालयमा राखी निर्देशनालय र मन्त्रालयमा मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा प्रगती प्रतिवेदन पेस गर्नु पर्नेछ।

(५) कार्यक्रमको कार्यान्वयन, संचालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यकतानुसार सम्बन्धित कार्यालय, निर्देशनालय, विषयगत मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुन सक्नेछ।

३०. <u>बीमा गर्नु पर्नेः</u> (१) लाभग्राहीले जोखिम न्युनिकरणको लागि अनुदान मार्फत प्राप्त गरेको कार्यक्रमको बीमालेख जारी भएको हकमा कृषि, पशुपन्छी तथा जडीबुटी विमा निर्देशिका,२०७९ बमोजिम बीमा गर्न सक्नेछ।

उपदफा (१) बमोजिम अनुदानग्राहीले बीमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सो को जिम्मेवार लाभग्राही स्वयम हुनु पर्नेछ।

तर विपद् वा अन्य कुनै काबुबाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा त्यस्तो क्षतिको प्रमाणित मुचुल्का, स्थानीय तहको सिफारिस, प्रहरी प्रतिवेदन लगायतका कागजात लाभग्राहीले एक महिनाभित्र अनुदान प्रदायक निकायमा पेस गर्नुपर्नेछ।

३१. <u>दोहोरो सुविधा लिन नपाउनेः</u> (१) अनुदानग्राहीले एउटै कामका लागि एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैनन्।

(२) एक अनुदानग्राहीले एक आर्थिक वर्षमा कार्यालयबाट एक कार्यक्रमका लागि मात्र अनुदान प्राप्त गर्न सक्नेछ।

तर कृषि ऋणको व्याज, उत्पादनमा आधारित प्रोत्साहन, पशु (भेडा, बाख्रा, गाई, भैंसी र चौरी) पालक कृषकलाई औषधि उपचार बापत प्रोत्साहन खर्च, विद्युत महशुल, फलफूल बगैंचा व्यवस्थापन कार्यक्रम र जग्गा भाडामा अनुदान दिन बाधा पर्ने छैन।

(३) विगतमा अनुदान प्राप्त गरेको लाभग्राहीलाई दुई आर्थिक वर्ष सम्म सोही कार्यक्रमको क्रियाकलापको लागि अनुदान सहयोग प्राप्त गर्न योग्य हुने छैनन्।

३२. <u>सेवा शुल्कः</u> यस कार्यविधि बमोजिम प्रदान गरिने नगद अनुदानको हकमा कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०८२ बमोजिम सेवा शुल्क लाग्नेछ।

३३. <u>होर्डिङ्ग बोर्ड राख्नुपर्नेः</u> दफा १० बमोजिम सम्झौतामा उल्लेख भएका मुख्य-मुख्य विवरण बमोजिम अनुदानग्राहीले कार्यक्रम कार्यान्वयन स्थलमा अनुदान प्रदान गर्ने कार्यालय, अनुदान रकम, स्वलगानी, व्यवसायको प्रकार लगायतका कुरा उल्लेख गरि जानकारीमूलक अनुसूचि-१० बमोजिम होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

३४. **<u>गुनासो व्यवस्थापनः</u>** (१) अनुदानग्राहीले अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरूपण गर्नु पर्नेछ। ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरूपण उपर चित्त नबुझेमा अनुदानग्राहीले मन्त्रालयको सचिव समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर मन्त्रालयको सचिवले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउनु पर्नेछ।

३५. **<u>सम्झौता बमोजिम हुनेः</u>** (१) यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रम बमोजिमका सम्बन्धमा क्रियाकलाप र पूर्वाधारको प्रयोग सम्झौतामा शर्त उल्लेख गरि गर्नु पर्नेछ र कार्यक्रम संचालन गर्ने निकायको पूर्व स्वीकृति बिना सम्झौतामा उल्लिखित अवधिमा कुनै फेरबदल, संरचनाको परिवर्तन वा बिक्री वितरण गर्न पाइने छैन।

(२) कुनै विशेष कारणवश वा काबुबाहिरको परिस्थिति बाहेक अनुदानग्राही तथा आपूर्तिकर्ताको कारणबाट सम्झौतामा तोकेको समयभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा लाभग्राही स्वयम् जिम्मेवार हुनेछ।

(३) यस कार्यविधि मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृ निकायको सहयोगमा संचालन हुने कार्यक्रम वा आयोजनाको हकमा अनुदान रकम तथा कार्यक्रम संचालन सम्बन्धी व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र दातृ निकायबीच भएको सम्झौता बमोजिम हुनेछ।

३६. **<u>वेभसाइटमा प्रकाशन गर्नेः</u>** यस कार्यविधि बमोजिम प्रदेश सरकारको नीति अनुरुप प्रदान गरिने अनुदान, प्रोत्साहन, सहुलियत तथा सुविधा प्राप्त गर्ने लाभग्राहीको एकीकृत तथा वर्गिकृत अभिलेख जिल्लागत रुपमा विवरण तयार गरी वेभसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ।

३७. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (२) को खण्ड (घ), दफा ४ को उपदफा (२) को खण्ड (ग) र दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

## छनौट/मूल्याङ्कनका आधारहरु

(क) उत्पादन सम्बन्धी कार्यक्रमहरुका लागि स्थलगत प्रमाणीकरण मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
